# तारकेश्वर नगरपालिकाको निर्माण व्यवसायको व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७९
## (दोश्रो संशोधन)

**प्रस्तावना** : सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) बमोजिमको काम, कर्तव्य र अधिकारलाई आत्मसात् गर्दै "घ" वर्गको निर्माण व्यावसाय ईजाजतपत्रको जारी, नवीकरण तथा खारेजी र नियमन एवं व्यवस्थापन गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ बमोजिम तारकेश्वर नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "तारकेश्वर नगरपालिकाको निर्माण व्यवसायको व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्दछ र सो शब्दले पुनः निर्माण तथा मर्मत तथा सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ख) "निर्माण व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम दर्ता भएको (घ) वर्गको निर्माण व्यवसाय संचालन गर्ने फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि यसै कार्यविधि बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ ।

(घ) "संगठित संस्था" भन्नाले नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

(ङ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नेपाल सरकार, प्रादेशिक तथा स्थानीय तह तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

(च) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको

अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले तारकेश्वर नगरपालिका सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दफा ३ को उपदफा (२) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले यस नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. **इजाजतपत्र**: (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने "घ" वर्गका निर्माण व्यवसायीले अनुसुची १ बमोजिमको ढाचाँमा अनुसुची ५ बमोजिम तोकिएको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि आवश्यक कागजातहरु सहित नगरपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा नगरपालिकाले त्यस्तो दरखास्त उपर जाँचबुझ गरी इजाजतपत्र दिन प्रमुख समक्ष स्वीकृतिका लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

प्राविधिक शाखा प्रमुख/ईन्जिनियर - सदस्य

प्रमुखले तोकेको ईन्जिनियर - सदस्य

प्रमुखले तोकेको मेकानिकल ईन्जिनियर - सदस्य

प्रमुख प्रशासकीय अधिकृतले तोकेको राजश्व शाखा प्रतिनिधि - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम समितिबाट पेश भएका सम्पूर्ण कागजातहरुको जाँचुबझ गरी इजाजत पत्र दिन मनासिव देखेमा स्वीकृतिका लागि प्रमुख समक्ष सिफारिस गर्नेछ ।

(४) प्रमुखबाट इजाजत पत्र दिने स्वीकृति पश्चात् प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट अनुसुची - २ बमोजिमको ढाँचामा इजाजतपत्र दिइने छ ।

(५) प्रमुखको स्वीकृति पश्चात् इजाजतपत्र वापत तोकिएको दस्तुर लिई इजाजतपत्र दिने छ । त्यस्तो इजाजतपत्र अनुसूची - ३ वमोजिमको ढाँचामा अभिलेख राखी/अद्यावधिक गराई राख्नुपर्ने छ ।

४. **इजाजतपत्रको अवधि र नवीकरण** : (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ५ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र अनुसूची ५ मा तोकिए बमोजिमको दस्तुर तिरी अनुसूची ४ मा तोकिए बमोजिमको निवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ । प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएको इजाजतपत्र नविकरण प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतले गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिना भित्र इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले अनुसुची ५ मा तोकिए बमोजिमको थप दस्तुर तिरी इजाजतपत्र नविकरण गराउन सक्नेछ ।

५. **इजाजतपत्र खारेजी** : (१) देहायको अवस्थामा दफा ३(२) बमोजिम गठित समितिको सिफारिसमा प्रमुखले निर्माण व्यवसायिको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण तथा तत्सम्बन्धी कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको प्रतिवेदन प्राप्त भएमा,

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा ४ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) इजाजतपत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्मलाई दिनु पर्नेछ ।

६. **इजाजतपत्रको प्रतिलिपि दिने**: कुनै निर्माण व्यवसायीले 'घ' वर्गको इजाजतपत्र हराए वा नासिएको कारणबाट 'घ' वर्गको इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची ५ मा तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

## परिच्छेद - ३
## विविध

७. **निर्माण व्यवसायीको दायित्व** : (१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधिनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको एकप्रति विवरण अनिवार्य नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता अनुसूची ६ मा भए बमोजिम हुनेछ ।

८. **दर्ता एवं नविकरण पुस्तिका** : (१) यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजतपत्रको अनुसूची - ३ बमोजिमको ढाँचामा दर्ता पुस्तिका एवं अनुसूची - ४ बमोजिमको ढाँचामा नविकरण पुस्तिका खडा गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिमको दता एवं नविकरण पुस्तिकामा यो कार्यविधि हुनु अगावै प्रचलित कानुन बमोजिम यस नगरपालिकामा दर्ता भएका वा संगठित संस्थामा दर्ता भई यस नगरपालिकामा ठाऊँ परिवर्तन भई आएका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रको अभिलेख समेत दस्तुर बनाई राख्नुपर्दछ ।

९. **अधिकार प्रत्यायोजन** : यस कार्यविधि बमोजिम प्रमुखलाई प्राप्त अधिकार निजबाट आवश्यकता अनुसार उप प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई तोकिएको अवधिसम्मको लागि प्रत्यायोजन गर्न सक्नेछ ।

१०. **थपघट वा हेरफर गर्न सक्ने** : नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

११. **बचाऊ** : यो कायविधि प्रारम्भ हुन अघि यस नगरपालिकाको ठेगाना भएका प्रचलित कानून बमोजिम "घ" वर्गको निर्माण व्यवसायी दर्ता भएका ठेकेदार सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिएको इजाजतपत्र यसै कार्यविधि बमोजिम दिएको मानिनेछ ।

## अनुसूची - १
### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

मितिः ......................

**विषयः इजाजतपत्र पाउँ भन्ने बारे ।**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यु,

तारकेश्वर नगरपालिका,

धर्मस्थली, काठमाण्डौ ।

निर्माण व्यवसाय ऐन, २०५५ तथा निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरेको छु ।

१. दस्तखत पेश गर्ने फर्म वा कम्पनीको

नाम :

ठेगानाः

पोष्ट बक्स नंः

टेलिफोन नं :

२. फर्म वा कम्पनीको प्रकृति

☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ ए कलौटी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ ।)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको

नामथरः

ठेगानाः पोष्ट वक्स नं

टेलिफोन नंः फ्याक्स नं इमेलः

४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं

दर्ता मिति :

अधिकृत पूँजी :

जारी पूँजी

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना

५. इजाजतपत्र लिन चाहेको वर्ग : घ

६. सामुहिकरण हुन चाहेको समुह :

७. आर्थिक श्रोतको विवरण

| | रकम | वित्तिय संस्था (वैंकको नाम) |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुद्धती | | |
| चल्ती खाता | | |
| वचत खाता | | |

उल्लेखित विवरण वाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण

(क) प्राविधिक

(ख) अप्राविधिक

१)

२)

(ग) अन्य

९..करचुक्ता गरेको प्रमाण कागजातहरु :

क.

ख.

ग.

१०. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी मेशिनरी औजारको विवरण

| सि.न. | नाम तथा विवरण | दता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लेखित मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनि मेकानिकल इन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानून वमोजिम सहुँला वुझाउँला ।

निर्माण व्यवसायीको छापः

दरखास्तवालाको
नाम :
दस्तखत :
मिति :

द्रष्टव्य : यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयको माग गरेको वखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री ........................................ सँग राम्रो र चालु अवस्थामा रहेको र तिनको वास्तविक मूल्य यसमा रहेको र तिनको उल्लेख भए वमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने प्राविधिक (मे.ई.)को
सही :
पुरा नामथर :
कार्यालय :
मिति :

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री ................................................सँग राम्रो र चालु अवस्थामा रहेको र तिनको वास्तविक मूल्य यसमा उल्लेख भए वमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।

ठे. तर्फवाट प्राविधिक सिभिल ईन्जिनियरको सही :
नामथर :
मिति :

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री ................................................सँग राम्रो र चालु अवस्थामा उल्लेख भए वमोजिम नै भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने
सही :
फर्मको नाम :
प्रोपाइटरको नामथर :
मिति :

**अनुसूची - २**
**(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)**
**तारकेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धर्मस्थली, काठमाण्डौ**
**बाग्मती प्रदेश नेपाल**

फोटो

इजाजत पत्र नं.................. मिति :

**ठेकेदार बर्गीकरणको इजाजत-पत्र**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ११ को उपदफा २ को खण्ड छ (१०) बमोजिम निर्माण व्यवसाय गर्न .............................. स्थित कार्यालय भएको ................................................ फर्म वा कम्पनीलाई इजाजत- पत्र प्रदान गरिएको छ ।

प्रोपाइटर श्री ..........................

(यस वृत्तभित्र कुन वर्ग लेखनुपर्ने हो सोही लेख्ने)

(घ वर्ग)

**इजाजत- पत्र दिनेको**
**दस्तखत :-**
**नाम :-**
**पद :-**

**नोट :**

१) यो इजाजत पत्र एक आ.व सम्म बहाल रहने छ ।

२) इजाजत पत्रको दस्तुर नगरपालिकाबाट स्विकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम लाग्ने छ ।

३) नविकरण दस्तुर नगरपालिकाबाट स्विकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम लाग्ने छ ।

४) नविकरण गर्ने म्याद आ.व सुरु भएको तिन महिना हुनेछ । म्याद नाघेको ६ महिना सम्म इजाजत पत्र नविकरण दस्तुर १००% अतिरिक्त लाग्ने छ । म्याद नाघेको छैठौं महिनासम्ममा पनि नविकरण नभएको इजाजत प्रमाण पत्र स्वतः खारेज हुनेछ ।

फर्मको नाम ठेगाना :

**नविकरण**

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहेको अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | फाँटवाला | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची - ३**

**(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)**

तारकेश्वर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

धर्मस्थली काठमाडौं

**घ वर्गको ईजाजत प्रमाण पत्र दर्ता पुस्तिका**

आ.व.

| द.नं. | फर्मको नाम र ठेगाना | प्रोपाईटरको नामथर र ठेगाना | इजाजत दिएको मिति | इजाजत प्रमाण पत्र बहाल रहने अवधि | इजाजत दिने अधिकारी | इजाजत बुझ्ने व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**अनुसूची - ४**

**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**

तारकेश्वर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

धर्मस्थली काठमाडौं

**घ वर्गको ईजाजत प्रमाण पत्र नविकरण गर्ने पुस्तिका**

आ.व.

| सि.नं. | फर्मको नाम | इजाजत पत्र नं. | प्रोपाइटरको नामथर र ठेगाना | इजाजत नं. नविकरण भएको मिति | इजाजत प्रमाण पत्र बहाल रहने अवधि | नविकरण दस्तुर | | नविकरण गर्ने अधिकारी | प्रमाण पत्र बुझ्ने व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | रसिद नं. | रकम | | | |
| | | | | | | | | | | |

## नविकरणका लागि पेश गर्न निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यू
तारकेश्वर नगरपालिकाको कार्यालय
धर्मस्थली काठमाण्डौ ।

**विषयः इजाजतपत्र नविकरण गरि पाउँ भन्ने बारे ।**

निर्माण व्यवसाय संन्चालन गर्ने इजाजत पत्र नविकरण गर्नको लागि देहाय वमोजिमको विवरण खुलाई निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम यो दरखास्त पेश गरेको छु ।

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को :**

नाम :
ठेगानाः
पोष्ट बक्स नंः

टेलिफोन नं :

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको**

नामः

ठेगानाः

**३. निर्माण व्यवसायीको :**

प्रमाण पत्र नं

दर्ता नं :

**४. इजाजत पत्रको :**

इजाजत पत्र नं :

इजाजत पत्र जारी भएको मिति :

इजाजत पत्र जारी गर्ने कार्यालय :

**५.इजाजत पत्र नविकरण दस्तुर (थप दस्तुर) वापत रु ................. अक्षेरुपी ................ जम्मा गरेको रसिद यसै साथ संलग्न छ ।**

**निर्माण व्यवसायीको छाप**

**निवेदक**

फर्मको नामः
ठेगाना :
संचालक/प्रोपाइटरको नाम
:

दस्तखत :
मिति :

## अनुसूची - ५
**(दफा ३(१), ४(१), (२), (३) र दफा ६ सँग सम्बन्धित)**

**१ नयाँ इजाजत पत्रको दस्तुर** : नगरपालिकाबाट स्विकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम लाग्नेछ ।

**२) नबिकरण दस्तुर**

- ❖ साउन देखि असोज मसान्त सम्म नगरपालिकाबाट स्विकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम लाग्नेछ ।
- ❖ कार्तिक देखि चैत्र मसान्त सम्म नगरपालिकाबाट स्विकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम लाग्नेछ ।

**३) नामसारी दस्तुर**

- ❖ नगरपालिकाबाट स्विकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम लाग्नेछ ।

**४) प्रा.लि कायम गर्दा दस्तुर**

- ❖ नगरपालिकाबाट स्विकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम लाग्नेछ ।

**५) प्रतिलिपि दिने सम्वन्धमा**

- ❖ नगरपालिकाबाट स्विकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम लाग्नेछ ।

**६) ठाऊँसारी दस्तुर**

- ❖ नगरपालिकाबाट स्विकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम लाग्नेछ ।

## अनुसूची - ६
**(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)**

**घ वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

क. प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटिमा एक लाख चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

ख. स्थायी लेखा नम्बर (मूल्य अभिवृद्धि कर समेत) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि । कारोबारको उद्देश्यमा विविध प्रकारको ठेक्का पट्टा गर्ने भनि उल्लेख हुनुपर्ने ।

ग. जनशक्ति

१) **प्राविधिक :** कम्तीमा Civil Engeeneering को Diploma तह उत्तिर्ण एक जना । निजसँग भएको सम्झौता, निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्यूनतम योग्यता वा माथिल्लो योग्यतामध्ये एक तहको मात्र certificate राख्ने ।

२) **लेखा सम्बन्धी काम गर्ने** : कम्तीमा वाणिज्यशास्त्र विषयमा १२ कक्षा वा प्रमाणपत्र तह उत्तिर्ण । निजसँग भएको सम्झौता, निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्यूनतम योग्यता वा माथिल्लो योग्यतामध्ये एक तहको मात्र certificate राख्ने ।

३) **प्रशासन सम्बन्धी काम गर्ने** : कम्तीमा १२ कक्षा वा प्रमाणपत्र तह उत्तिर्ण । निजसँग भएको सम्झौता, निजको नागरिकताको प्रमाणपत्र र आवश्यक न्यूनतम योग्यता वा माथिल्लो योग्यतामध्ये एक तहको मात्र certificate राख्ने ।

घ. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पेश गर्ने उक्त प्रमाण प्रमाणित हुनुपर्ने ।

ङ. उपकरण ठिक छ भनि प्रमाणित गर्ने मेकानिकल इन्जिनियर कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको र नेपाल इन्जिनियर एसोसियसनको सदस्यताको प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने ।

च. उपकरण बिमा गरेको हुनुपर्ने ।

| | |
|---|---|
| (१) लेबल मेसिन | थान - १ |
| (२) वाटर पम्प | थान - १ |
| (३) भाइब्रेटर | थान - १ |
| (४) मिनीट्रक/ट्रिपर | थान - १ |
| (५) जेनेरेटर | थान - १ |
| (६) कंक्रिट मिक्स्चर | थान - १ |
| (७ ब्याकहोई, एक्साभेटर, बुलडोजर मध्ये कुनै | थान - १ |

**दृष्टव्यः-** १) माथि उल्लेखित बुदा नं. ४ र ७ मा हकमा आफैंले खरिद गरेको भए उपकरण स्वामित्वको प्रमाणपत्र वा भाडामा लिई सञ्चालन गरेको भए सो को व्यहोरा खुल्ने करारनामा पत्र ।

छ. यान्त्रिक उपकरणमा फर्मको नाम लेखि उपकरण निर्माता कम्पनीको नाम र सि.नं नम्वर देखिने गरि खिचिएको फोटो र सो फोटोमा मेकानिकल ईन्जिनियरको दस्तखत छाप लगाई पेश गर्ने

**नोट** : सबै प्रतिलिपीहरु Notary Public बाट प्रमाणित गरिएको हुनुपर्छ । त्यसका साथै सम्बन्धित प्रोपाइटरको दस्तखत र फर्मको छाप लगाई पेश गर्नु पर्ने छ ।

**सम्झौता पत्र**

म ................................................ को हैसियतको श्री ................................................ को फर्ममा मिति .................. देखि ........................ को हैसियतमा काम गर्नेछु । मेरो शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल राजपत्रांकित अधिकृतवाट प्रमाणित गरी यसैसाथ पेश गरेको छु । म यस फर्ममा पुरा समय काम गर्नेछु । हाल कुनै सरकारी वा संगठित सार्वजनिक संस्थामा कार्यारत छैन । ....................................... फर्मको प्रोप्राइटर संचालकको हैसियतले निज .................................................... लाई ....................................... पदमा लगाउन मञ्जुर भई हामी दुवै पक्षवाट मञ्जुरी गरी यो सम्झौता पत्र गरिदियौ ।

| फर्मको तर्फवाट | कर्मचारीको तर्फवाट |
| --- | --- |
| नाम : | नाम : |
| पद : | पद : |
| दरखास्त : | दरखास्त : |

**प्रमाणित गर्ने**

.....................
कृष्णहरि महर्जन
नगर प्रमुख

प्रमाणीकरण मितिः २०७९।०५।१९

# तारकेश्वर नगरपालिकाको निर्माण व्यवसायको व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७९ (दोश्रो संशोधन)

## २०७९ भाद्र १९ को कार्यपालिका बैठकमा सशोधन गर्नुपर्ने विषयवस्तुहरू मात्र

### परिच्छेद-२

### इजाजतपत्र सम्बन्धी व्यवस्था

३. **इजाजतपत्र**:

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा नगरपालिकाले त्यस्तो दरखास्त उपर जाँचबुझ गरी इजाजतपत्र दिन प्रमुख समक्ष स्वीकृतिका लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ।

**दफा ३ को उपदफा (२) मा संशोधन गर्नुपर्ने :- थप एक सदस्य थप गरी जम्मा ५ सदस्यीय सिफारिस समिति गठन गर्ने**

### अनुसूची - ६

**(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)**

**घ वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

**दफा ७ को उपदफा (३) को अनुसूची ६ मा संशोधन गर्नुपर्ने :-**

**मेशीन र उपकरणमा थप गर्नुपर्ने**

**१) मिनीट्रक/ट्रिपर थान - १**

**२) जेनेरेटर थान - १**

**३) कंक्रिट मिक्स्चर थान - १**

**४) ब्याकहोई, एक्साभेटर, बुलडोजर मध्ये कुनै थान - १**

**द्रष्टव्यः-** १) माथि उल्लेखित बुदा नं. १ र ४ मा हकमा आफैंले खरिद गरेको भए उपकरण स्वामित्वको प्रमाणपत्र वा भाडामा लिई सञ्चालन गरेको भए सो को व्यहोरा खुल्ने करारनामा पत्र।